बैठक संख्या २/१३५

आज मिति २०७९ मार्ग ११ गते आईतवारका दिन सूर्यविनायक नगरपालिकाको १३५ औं नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री बासुदेव थापाज्यूको अध्यक्षतामा बसी तपसिलमा उल्लेखित विषयका सम्बन्धमा छलफल गरी निर्णय समेत गरियो ।

| क.स. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | बासुदेव थापा | प्रमुख | |
| २ | सरिता तिमसिना भट्टराई | उप प्रमुख | |
| ३ | राजेन्द्रप्रसाद कडेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | सानुकाजी कायस्थ | वडा अध्यक्ष, वडा नं १ | |
| ५ | प्रदिप कार्की | वडा अध्यक्ष, वडा नं २ | |
| ६ | दिपेन्द्र के.सी. | वडा अध्यक्ष, वडा नं ३ | |
| ७ | लछुराम न्यौपाने | वडा अध्यक्ष, वडा नं ४ | |
| ८ | राजकुमार जोशी | वडा अध्यक्ष, वडा नं ५ | |
| ९ | ईश्वर खड्का | वडा अध्यक्ष, वडा नं ६ | |
| १० | रबिन्द्र सापकोटा | वडा अध्यक्ष, वडा नं ७ | |
| ११ | पुष्पराज बस्नेत | वडा अध्यक्ष, वडा नं ८ | |
| १२ | भगवान खत्री | वडा अध्यक्ष, वडा नं ९ | |
| १३ | शिवराम राउत | वडा अध्यक्ष, वडा नं १० | |
| १४ | तारा खतिवडा (सापकोटा) | सदस्य | |
| १५ | कमला पोखरेल | सदस्य | |
| १६ | शर्मिला बस्नेत | सदस्य | |
| १७ | सावित्री मिश्र | सदस्य | |
| १८ | हेमा दहाल (खतिवडा) | सदस्य | |
| १९ | सुमन परियार | सदस्य | |
| २० | प्रजुन तिखत्री | सदस्य | |
| २१ | सुनिल भुजेल | सदस्य | |
| | राजेन्द्र प्रसाद नेपाल आमन्त्रित | प्रशासन शाखा प्रमुख | |
| | अनिरुद्ध नेपाल आमन्त्रित | राजस्व परिचालन शाखा प्रमुख | |
| | सर्वदा पण्डित | लेखा अधिकृत | |

मिति २०७९ मार्ग ११ गते नगर कार्यपालिका (१३५औं) बैठकको (कार्यसुची) एजेण्डाहरु:

१. विभिन्न कोषहरुमा छुट्टयाईएको रकम बाट योजना तथा कार्यक्रम संचालन सम्वन्धमा ।
२. आयोजना व्यवस्थापनका सम्बन्धमा ।
३. स्थानीयस्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना- सशर्त अनुदान
४. सूर्यविनायक नगरपालिकाको प्रधानाध्यापक कार्यविधि स्वीकृती सम्बन्धमा
५. सूर्यविनायक नगरपालिकाको संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न तर्जुमा गरिएको विधेयक, २०७९ नगरसभाका अधिवेशन समक्ष पेश गर्ने सम्बन्धमा ।
६. नगरसभाको १२ औ अधिवेशन बोलाउने सम्बन्धमा ।
७. विविध

**छलफल तथा निर्णयहरु**

**निर्णय नं १**

नगर सभाको एघारौ अधिवेशनबाट विपद व्यवस्थापन, मर्मत सभार, र अन्य विभिन्न शीर्षकमा विनियोजित रकमबाट देहाय बमोजिम आर्थिक सहयोग, विपद राहत वितरण, कार्यक्रम संचालन तथा निर्माण भएका आयोजना मर्मत संभारका लागि देहाय अनुसारको रकम खर्च लेख्न स्वीकृत गर्ने निर्णय गरियो ।

**क. आर्थिक सहयोग र उपचार राहत खर्च**

| क्र.स. | आयोजना कार्यक्रम र सहयोगको विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १ | ठिलेन शेर्पा | वडा नं ६ | १०००० |
| २ | शान्ति तमागं | वडा नं ८ | १०००० |
| ३ | अर्जुनबहादुर खडका | वडा नं २ | १०००० |
| ४ | संगम मिश्र | वडा नं १ | १०००० |
| ५ | नवराज वस्नेत | वडा नं ९ | २५००० |
| ६ | मंजु कार्की , जिसस सदस्य | वडा नं १ | २०००० |
| ७ | सरस्वती अधिकारी | वडा नं २ | २५००० |
| ८ | भगवती अधिकारी | वडा नं ३ | ३०००० |

**ख खेलकुद**

| क्र.स. | संस्थाको नाम | कार्यक्रम विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|---|
| १ | साईकल यात्री | विश्व साईकल | | २५००० |
| २ | देवडोल व्याडमिन्टन क्लब स्तरोन्नती | स्तरोन्नती | ३ | २००००० |
| ३ | अरनिको मा.वि. विद्यार्थी | ड्रोन सम्बन्धी कार्यक्रम | ४ | ३५००० |

**घ सूचना प्रशारण**

| क्र.स. | सूचना विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १ | सूचना प्रशारण अनलाईन | | २०००० |
| २ | सूचना प्रकाशन दवाव साप्ताहिक | | २०००० |

| | | | |
|---|---|---|---|
| ३ | दैनिक हब मिडिया | | १०००० |
| ४ | सूचना प्रेस | | १०००० |
| ५ | प्रेस चौतारी नेपाल | | २०००० |
| ६ | विभिन्न सूचना तथा सन्देश भुक्तानी | | १७५००० |

ङ. विपद व्यवस्थापन लगायत अन्य कार्यक्रम संचालन

| क.स. | संस्थाको नाम | कार्यक्रम विवरण | ठेगाना | स्वीकृत रकम रु. |
|---|---|---|---|---|
| १ | राष्ट्रिय दलित उत्थान कार्यक्रम, सुमन परियार | अभिमुखीकरण | भक्तपुर | १२५००० |
| २ | गैसस मार्फत Gravity वाटर | वडाहरुमा सरसफाई कार्यक्रम संचालन | सूनपा | ५ लाख, वार्षिक बजेटमा स्वीकृत भएको |
| ३ | चौथौ एपिक्स नेपाल एवार्ड २०७९ | एवांड | | ५००००० |
| ४ | चक्रपाणी चालिसे जन्म जयन्ती कार्यक्रम | जन्म जयन्ती | | ४०००० |
| ५ | रक्त दान तथा स्वास्थ्य शिविर संचालन | स्वास्थ्य शिविर | ७ | २५००० |
| ६ | दधिकोट वडा | जेष्ठ नागरिक सम्मान | | ५००००० |
| ७ | स्थानीय क्लव | फूटसल प्रतियोगिता | ७ | ३०००० |
| ८ | मानवीय आस्था नेपाल | तालिम | | ५००००० |
| ९ | नवदुर्गा भवानी मुखुण्डो पूर्ण चित्रकार | मुखुण्डो निर्माण | | ४०००० |
| १० | सम्पदा संरक्षण पुरानो वस्ती - गाखुशी जाली लगाउने | | ९ | १०००००० |

पूर्वाधार तर्फ मर्मत संभार

| क.स. | आयोजना कार्यक्रम र सहयोगको विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १ | शुभ नगर खानेपानी पाईप | २ | १५०००० |
| २ | ओमशान्ति भवन मर्मत | २ | १००००० |
| ३ | गौरी शंकर टोल समिति सी.सी.टेलिभिजन | २ | १००००० |
| ४ | भञ्जयांग रातमाटे सडक | २ | ६००००० |
| ५ | प्रगति टोल बाटो मर्मत | ३ | १६६००० |
| ६ | सीपाडोल खानेपानी तथा सरसफाई योजना | ८ | ३०००००० |
| ७ | घ्याम्पेडाँडा सानो थुम्को | ७ | १५००००० |
| ८ | नेपाल रेडक्रस सोसाईटी भवन निर्माण | १० | १८००००० |
| ९ | चित्रपुर पोखरी निर्माण | ४ | ८००००० |

निर्णय नं २

**निर्णय नं २**

यस नगरपालिकामा क्षेत्रफलको हिसाबले ठूलो र भौगोलिक हिसाबले विकास निर्माण तथा पूर्वाधार धेरै काम गर्नुपर्ने वडाहरुमा कामको गुणस्तरियता र प्रभावकारिता अभिवृद्धि गर्न फिल्डमा नियमित रुपमा अनुगमन गर्नको लागि वडा नं. १, ७, ९ र १० मा दैनिक ज्यालादारीमा फिल्ड सुपरभाइजर खटाई कामकाज गराउँदै आएकोमा मिति २०७९ साल पुष १ गतेदेखि वडा नं. ८ सिपाडोलमा बिमल थापा सू.न.पा.-८ लाई वडा नं. १, ७, ९ र १० मा खटिएका फिल्ड सुपरभाइजरहरले पाए सरहको सेवा सुविधा पाउने गरी फिल्ड सुपरभाइजर नियुक्त गरी काममा लगाउने निर्णय गरियो।

**निर्णय नं ३**

स्थानीयस्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना- सशर्त अनुदान अन्तर्गत देहाय अनुसारको पुल निर्माणको लागि बजेट विनियोजन भई आएकोमा यस सम्बन्धमा तपसिल बमोजिम गर्ने निर्णय गरियो।

| क.सं. | स्वीकृत आयोजना/ पुलको विवरण | निर्णय | कैफियत |
|---|---|---|---|
| १ | बुढीगण्डकी खोला पुल घट्टाबाँध रानीखोला सूर्यविनायक नगरपालिका वडा नं.-७ | उक्त योजना संशोधन गरी गुण्डु सानोखोला पुल साविक गुण्डु-२, हाल सूर्यविनायक नगरपालिका वडा नं.-७ कायम गरी योजना संचालनको सहमति दिन सम्बन्धित नियकायमा अनुरोध सहित पत्राचार गर्ने निर्णय गरियो। | |
| २ | चख्खु खोला पुल झ्यालीपाटी भट्टराईटोल सूर्यविनायक नगरपालिका वडा नं.-८ | योजना कार्यान्वियनको प्रक्रिया अगाडि बढाउन सचिवालयलाई निर्देशन दिने निर्णय गरियो। | |
| ३ | चरखण्डीखोला पुल नयाँ ठिमी चित्रपुर सिरुटार सडक, सूर्यविनायक नगरपालिका वडा नं.-१ र ४ | योजना कार्यान्वियनको प्रक्रिया अगाडि बढाउन सचिवालयलाई निर्देशन दिने निर्णय गरियो। | |
| ४ | पलाँसे डोलेश्वर त्रिवेणीखोला पुल सूर्यविनायक नगरपालिका वडा नं.-९ | उक्त योजना संशोधन गरी सिकारीटार महादेवखोला पुल सूर्यविनायक नगरपालिका वडा नं.- ४ र ७ कायम गरी योजना संचालनको सहमति दिन सम्बन्धित नियकायमा अनुरोध सहित पत्राचार गर्ने निर्णय गरियो। | |
| ५ | भातेढिकुर नन्दीकेश्वर भारआली खोला पुल सूर्यविनायक नगरपालिका वडा नं.-९ | उक्त योजना संशोधन गरी भिंगाली वनखोला पुल सूर्यविनायक नगरपालिका वडा नं.-१० कायम गरी योजना संचालनको सहमति दिन | |

| | | | |
|---|---|---|---|
| | | सम्बन्धित नियकायमा अनुरोध सहित पत्राचार गर्ने निर्णय गरियो। | |
| ६ | डोकेखोला सडक अरनिको हाइवे- जोरपाटी सूर्यविनायक नगरपालिका वडा नं.-९ | उक्त योजना संशोधन गरी अमडोल खोला पुल सूर्यविनायक नगरपालिका वडा नं.-१० कायम गरी योजना संचालनको सहमति दिन सम्बन्धित नियकायमा अनुरोध सहित पत्राचार गर्ने निर्णय गरियो। | |

**निर्णय नं ४**

सूर्यविनायक नगरपालिकाको प्रधानाध्यापन नियुक्ती कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

सामाजिक विकास समिति र विधायन समितिबाट सिफारिस भई आएका तपसिल बमोजिमको विधेयक सम्बन्धमा छलफल गरि सुझाव समेत प्रस्तुत गरियो । बैठकबाट प्राप्त सुझावलाई समावेश गरी उक्त विधेयक नगरसभाको आसन्न नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

सूर्यविनायक नगरपालिकाको नगरसभाको १२ औं अधिवेशन देहायको मिति समय र स्थानमा तपसिल बमोजिमको कार्यसूची बमोजिम आह्वान गर्ने निर्णय गरियो ।

**तपसिल**

मिति: २०७९।०८।१३

समय: विहान ११ बजे

स्थान: भक्तपुर भिउ, सूनपा जगाती

कार्यसूचीको विस्तृत विवरण

## सूर्यविनायक नगरपालिकाको नगरसभाको बाह्रो अधिवेशनको कार्यसुची

बागमती प्रदेश सरकारबाट जारी नगरसभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा ७, अनुसुची १ बमोजिमको कार्यसूची र समय तालिका

मिति : २०७९।०८।१३ गते मंगलबार

अधिवेशन संख्या : १२

अध्यक्षता : नगर प्रमुख श्री बासुदेव थापा

बैठक स्थान : सूर्यविनायक नगरपालिका, भक्तपुर ।

| समय | कार्यसुची |
|---|---|
| ११:०० | सम्पूर्ण सहभागी महानुभावहरु सभा हलमा प्रवेश र उपस्थिति दर्ता |
| ११:३० बजे | नगरसभा सदस्यहरुको निर्धारित स्थानमा आसन ग्रहण |
| ११:३० | नगरसभा अध्यक्ष सभा हलमा प्रवेश (सबै जना उठेर सम्मान राष्ट्रिय धुन बज्न शुरु) राष्ट्रिय धुन समापन पछि सभाध्यक्षबाट सूर्यविनायक नगरपालिकाको नगरसभाको बाह्रो अधिवेशन प्रारम्भ भएको जानकारी । |

| समय | कार्यसुची |
|---|---|
| ११:४५-१२:०० | नगरसभा अध्यक्षबाट सूर्यविनायक नगरपालिकाको नगरसभा अधिवेशनमा छलफल गरी निर्णय हुनुपर्ने विषयहरुका सन्दर्भमा विषयगत समितिका संयोजकहरुलाई प्रस्ताव पेश गर्न समय उपलब्ध गराउने । |
| १२:००-१२:३० | लेखा समितिका संयोजक एवं वडा नं ५ का वडा अध्यक्ष श्री राजकुमार जोशीलाई महालेखा परीक्षकको कार्यालयबाट आर्थिक वर्ष २०७४।७५ देखि २०७७।७८ सम्मको को अन्तिम लेखा परीक्षण प्रतिवेदनमा औल्याईएका सैद्धान्तिक र नियमित गर्नुपर्ने बेरुजु फर्छ्यौट सम्बन्धी प्रस्ताव पेश गर्न समय अनुमती दिई उक्त प्रस्ताव उपर छलफलको लागि भाग लिने सदस्यहरुको नामावली टिपोट गरी छलफलको क्रममा उठेका सवालहरुको सन्दर्भमा थप प्रष्ट पार्नुपर्ने भएमा प्रस्ताव पेश गर्ने समितिका संयोजकलाई समय उपलब्ध गराउने र सो पश्चात पेश भएको प्रस्ताव निर्णयार्थ पारित हुन सभाका सदस्यहरुले हुन्छ वा हुन्न स्पष्ट शब्द सुनिने गरी उच्चारण गर्नका लागि सभाध्यक्षबाट आग्रह गरी विधिवत रुपमा प्रस्ताव पारित गर्ने । |
| १२:३०-१:०० | विधायन समितिका संयोजक एवं वडा नं २ का वडा अध्यक्ष श्री प्रदिप कार्कीलाई सूर्यविनायक नगरपालिकाको संस्था दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पेश गर्न अनुमति दिई उक्त प्रस्ताव उपर छलफलको क्रममा उठेका सवालहरुको सन्दर्भमा थप प्रष्ट पार्नुपर्ने भएमा प्रस्ताव पेश गर्ने समितिका संयोजकलाई समय उपलब्ध गराउने र सो पश्चात पेश भएको प्रस्ताव निर्णयार्थ प्रस्ताव पारित हुन सभाका सदस्यहरुले हुन्छ वा हुन्न स्पष्ट शब्द सुनिने गरी उच्चारण गर्नका लागि सभाध्यक्षबाट आग्रह गरी विधिवत रुपमा प्रस्ताव पारित गर्ने । |
| १:००-१:३० | सूर्यविनायक नगरपालिकाको नगरसभाको एघारौं अधिवेशन पछि नगर कार्यपालिका तथा कार्यपालिकाको कार्यालयबाट भएका निर्णयहरु, विभिन्नि मितिमा बसेको विषयगत समितिको बैठकको सिफारिस बमोजिम कार्यपालिका बैठकले गरेका निर्णयहरु, एवं न्यायिक समितिबाट भएका आदेश एवं निर्णयहरुको अनुमोदन सम्बन्धी प्रस्ताव नगरसभाका अध्यक्षबाट प्रस्तावको रुपमा पेश गरी उक्त प्रस्ताव उपर छलफलको लागि भाग लिने सदस्यहरुको नामावली टिपोट एवं छलफलको क्रममा उठेका सवालहरुको सन्दर्भमा थप प्रष्ट पार्नुपर्ने भएमा सम्बन्धित पदाधिकारीबाट जबाफ दिई पेश भएको प्रस्ताव निर्णयार्थ पारित हुन सभाका सदस्यहरुले हुन्छ वा हुन्न स्पष्ट शब्द सुनिने गरी उच्चारण गर्नका लागि सभाध्यक्षबाट आग्रह गरी विधिवत रुपमा प्रस्ताव पारित गर्ने । |
| १:३०-१:४५ | लेखा समितिका संयोजक एवं वडा नं ५ का वडा अध्यक्ष श्री राजकुमार जोशीबाट आर्थिक वर्ष २०७९।८० को कर्मचारी तलबी प्रतिवेदन पारित गर्ने सम्बन्धी प्रस्ताव नगरसभाको बाह्रौ अधिवेशनमा प्रस्तुत गर्ने । |
| १:४५-२:०० | सभाध्यक्षबाट सूर्यविनायक नगरपालिकाको नगरसभाको बाह्रो अधिवेशन आज मिति २०७९ साल मार्ग १३ गतेबाट अन्त्य भएको घोषणा । |